# श्री भारताल साझेदारी वन व्यवस्थापन समिति

## धनगढी उ.म.न.पा. वडा नं. १४, स्याउली कैलाली

## काठ लिलाम विक्री सम्वन्धि सूचना !!!

### (मध्यान्ह राष्ट्रिय दैनिकमा चौथो पटक प्रकाशित मिति २०८०/०८/०५)

यस साझेदारी वन व्यवस्थापन समुहको वन क्षेत्रवाट आ.व. २०७६।०७७ मा स्वीकृत वन व्यवस्थापन योजना अनुसार ढलापडा काठ/दाउरा संकलन ईजाजत/वनपेशि वमोजिम संकलन भई समूहमा घाटगढ्‍ढी भएको गोलिया काठ विभिन्न लटमा राखिएको साल, अस्ना र अन्य जात काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी समूहको घाटगढ्‍ढीमा मौज्दात रहेको तपसील वमोजिम लटको जात, थान र परिमाणको काठलाई शिलवन्दी वोलपत्रद्धारा लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मुल्य अभिवृद्धि करमा दर्ता भई वन पैदावार सम्वन्धि कारोवार गर्ने काष्ठ व्यवसायी,व्यक्ति, फर्म वा कम्पनी, उद्योगले वन नियमावली २०७९ को दफा १२८ वमोजिम सुचिकृत भएकाले मात्र यो सूचना चौथो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सा.व.व्य.स.र डिभिजन वन कार्यालय कैलालीबाट प्रत्येक लटको छुट्टाछुट्टै वोलपत्र खरीद गरी सिलवन्दी वोलपत्र सोही मिति भित्र यस समुहको कार्यालयमा दाखिला गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

१.वन पैदावारको विवरण

| वन पैदावार | | | | | | | मुल्याङ्कन रु. | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लट नं. | धाङ्ग नं. | जात | ग्रेड | गोलिया थान | परिमाण | न्यूनतम | कटानमुछान आदि खर्च |
| १ | लट नं. १ | १,३ | अस्ना | A | २५ | ५६५.४३ | २२६१७२।०० | |
| | | | | B | ३४ | ४६०.८३ | १३८२४९।०० | |
| | | | | C | १८ | १४१.९२ | १४१९२।०० | |
| | जम्मा | | | | ७७ | ११६८.१८ | ३७८६१३।०० | १०७३५६।७ |
| २ | लट नं. २ | ५,६ | अस्ना | A | ३५ | ७३५.३२ | २९४१२८।०० | |
| | | | | B | ४२ | ५८६.९९ | १७६०९७।०० | |
| | | | | C | १५ | १६०.३२ | १६०३२।०० | |
| | जम्मा | | | | ९२ | १४८२.६३ | ४८६२५७।०० | २१६४६४।० |
| ३ | लट नं. ३ | १४,२० | अस्ना | A | २३ | ६१२.२४ | २४४८९५।५४ | |
| | | | | B | १८ | २१०.२७ | ६३०७९।९४ | |
| | | | | C | १४ | १०५.३४ | १०५३३।९१ | |
| | जम्मा | | | | ५५ | ९२७.८४ | ३१८५०९।३९ | १३५४६५।३ |
| ४ | लट नं. ४ | ९ | अस्ना | A | १४ | ३४६.५९ | १३८६३४।३३ | |
| | | | | B | ३१ | ४८९.२३ | १४६७६८।७० | |
| | | | | C | १३ | ७१.१२ | ७१११।८६ | |
| | | जम्मा | | | ५८ | ९०६.९३ | २९२५१४।८९ | |
| | | २४ | हल्दु | A | ० | ०.०० | ०।०० | |
| | | | | B | २ | २१.४२ | ६४२६।०० | |
| | | | | C | १ | ५.३० | ५३०।०० | |
| | | जम्मा | | | ३ | २६.७२ | ६९५६।०० | |
| | | | धौटी | A | २ | १८.५३ | १८५३।०० | |
| | जम्मा | | | | ६३ | ९५२.१८ | ३०१३२३।८९ | १३९०१८।८ |
| ५ | लट नं. ५ | ७,१५,२२ | साल | A | १४ | ३२४.२१ | ३२४२०७।२० | |
| | | | | B | २२ | ३४०.०६ | २७२०४४।७५ | |
| | | | | C | ५८ | ६५४.९३ | ३२७४६२।९५ | |
| | | | | D | ६ | २९.८१ | ८९४३।४४ | |
| | जम्मा | | | | १०० | १३४९।०० | ९३२६५८।३४ | १९६९५४।१ |
| ६ | लट नं. ६ | १३,१७,२७ | साल | A | ३ | ४७।२० | ४७१९९।५५ | |
| | | | | B | २१ | २५९.६१ | २०७६८५।०७ | |
| | | | | C | ७६ | ६८१.५८ | ३४०७९१।३१ | |
| | | | | D | २८ | १०९.०३ | ३२७०८।१४ | |
| | | जम्मा | | | १२८ | १०९७.४२ | ६२८३८४।०७ | १६०२२२।७ |

p.१-२

यादव प्रसाद भण्डारी
संयोजक

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
(क) अन्तिम मिति २०८०।०८।१९ (ख) समय ४.०० बजे सम्म ।

३. बोलपत्र भारताल साझेदारी वन व्यवस्थापन समिति वा डिभिजन वन कार्यालय कैलाली बाट खरिद गरि दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशत हुन आउने रकम बोलपत्र खरिद गरेको कार्यालयको एनएमबि बैंक लि.मा रहेको हि.नं. १९१०१३९०६२८०००११ को खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ५ महिना सम्मको लागि हुनु पर्नेछ ।

६. बोलपत्र फाराम रु. १०००/ (पछि फिर्ता नहुने गरी) तिरी कार्यालयको लेखा शाखा वा डिभिजन वन कार्यालय कैलाली बाट खरिद गर्न सकिनेछ ।

७. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नं.(PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, वन नियमावली २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपी र बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९. बोलपत्र दाताले बोलपत्रमा आफ्नो नाम ठेगाना लेखी दस्तखत गरि फर्म वा संस्थाको छाप समेत लगाई प्रत्येक लटको छुट्टाछुट्टै खाममा राखी शिलबन्दि गरि खामको बायां तर्फ आफ्नो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दाया तर्फ बोल पत्र पेश हुने कार्यालयको नाम बिषय र लट नं. उल्लेख गरि बोल पत्र पेश गर्नुपर्नेछ ।

१०. निर्धारण गरिएको न्यूनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०।०८।२० गते दिनको १:०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर तथा अन्य कर र कटान मुछान खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अबधि भित्र उठाई लैजानु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा राखेको धरौटी जफत गरि क्रमश : दोस्रो र तेस्रो सकार कर्तालाई रकम दाखिला गर्न सुचित गरिनेछ ।

१२. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१३ बोलपत्र पुरै वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित अधिकारीमा सुरक्षित रहनेछ ।

१४. खरिद बोलपत्र रित पुर्वक पेश हुन नआएमा मान्य हुनेछैन ।

१५ अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

यादव प्रसाद भण्डारी
संयोजक